## <u>(झ) कर कट्टी (सेयर)</u>

**१. सेयरको कारोवारमा कर लाग्दछ कि लाग्दैन ?**

*शेयर कारोवारबाट लाभ प्राप्त भएमा आयकर लाग्दछ ।*

**२. सेयर कारोवारमा के आधारमा कति कर लाग्दछ ?**

*नेपाल स्टक एक्सचेञ्जमा सूचीकरण भएको कम्पनिको शेयर कारोवारबाट प्राप्त लाभमा प्राकृतिक व्यक्तिलाई लाभको १० प्रतिशत र निकाय वा गैर बासिन्दाको हकमा १५ प्रतिशतले कर लाग्दछ । यस्तो अग्रिम कर कट्टी स्टक एक्सचेन्जले गरी दाखिला गर्नुपर्दछ । स्टक एक्सचेन्जमा सूचीकरण नभएको कम्पनिको शेयर कारोवारमा प्राकृतिक व्यक्तिलाई १० प्रतिशतले र अन्य व्यक्तिलाई १५ प्रतिशतका दरले सम्बन्धित कम्पनिले अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्दछ ।*

**३. सेयर कारोवारबाट हुने लाभमा अग्रिम कर कसरी कट्टी गरिन्छ ? यसरी कट्टी भएको रकम वार्षिक तिर्नु पर्ने रकममा मिलान गर्न पाइन्छ कि पाइदैन ?**

*शेयरमा भएको लगानी र शेयर विक्री हुँदा प्राप्त भएको रकमको फरक अर्थात खर्च भन्दा आम्दानी वढी भएमा फरक रकममा कर कट्टी गरिन्छ । यसरी कट्टी भएको कर  रकमलाई वार्षिक तिर्नु पर्ने लगानी आयको कर रकममा मात्र मिलान गर्न पाईन्छ ।*

**४. के सेयर किन्ने व्यक्तिसँग पनि अग्रिम कर असूली गरिन्छ ?**

*शेयर किन्ने व्यक्तिहरूवाट अग्रिम कर  असुल गरिदैन । यो शेयर बिक्री गर्ने व्यक्तिबाट असूल गरिन्छ ।*

**५. सेयर विक्रीबाट हुने लाभलाई अन्य पूजीगत नोक्सानीमा मिलान गर्न पाइन्छ कि पाइदैन ?**

*शेयर विक्रीको लाभलाई अन्य पूँजिगत नोक्सानीमा मिलान गर्न पाईन्छ ।*